# शिवालय गाउँपालिका
## Shivalaya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of The Rural Municipal Executive
सिमा, जाजरकोट

Sima, Jajarkot

कर्णाली प्रदेश, नेपाल
karnali province, nepal


पत्र संख्या Reference No. : ०८३/०८४ प्रशासन

चलानी नम्बर Dispatch No. :

मिति : २०८३।०४।१२

**विषयः दररेट पेश गर्ने सम्बन्धी सूचना ।**

आर्थिक वर्ष २०८३/०८४ मा शिवालय गाउँपालिकाको कार्यालय तथा मातहतका शाखाहरूमा आवश्यक पर्ने पेट्रोल तथा डिजेल इन्धन आपूर्तिका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम योग्य तथा इजाजतप्राप्त इन्धन विक्रेताहरूबाट देहायका शर्तहरूको अधीनमा रही प्रति लिटर खुद्रा बिक्री दररेट सिलबन्दी गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**१. दररेट पेश गर्ने अन्तिम मिति**

सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयभित्र दररेट तथा आवश्यक कागजात पेश गर्नुपर्नेछ।

**२. प्रस्ताव स्वीकृत गर्ने आधार**

(क) तोकिएका सम्पूर्ण योग्यता, शर्त तथा आवश्यक कागजात पूरा गरी सबैभन्दा कम दररेट पेश गर्ने योग्य प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ।

(ख) छनोट भएको प्रस्ताव दातासँग आर्थिक वर्ष २०८३/०८४ का लागि सम्झौता गरी आवश्यकता अनुसार पेट्रोल तथा डिजेल आपूर्ति गराइनेछ।

**३. दररेट सम्बन्धी विशेष व्यवस्था**

(क) प्रस्तावित दररेट नेपाल आयल निगमले शिवालय क्षेत्रका लागि तोकेको खुद्रा बिक्री मूल्य भन्दा बढी हुन पाउने छैन।

(ख) यदि शिवालय क्षेत्रका लागि छुट्टै खुद्रा बिक्री मूल्य निर्धारण नभएको अवस्थामा नेपाल आयल निगमले सबैभन्दा नजिकको बिक्री केन्द्रका लागि तोकेको खुद्रा मूल्यमा शिवालय सम्म इन्धन ढुवानी गर्दा लाग्ने वास्तविक ढुवानी खर्च मात्र थप गरी दररेट पेश गर्नुपर्नेछ।

प्रस्तावित दररेट बुँदा नम्बर ३ को (क) वा (ख) बमोजिम गणना भएको अधिकतम दरभन्दा बढी भएमा त्यस्तो प्रस्ताव स्वतः अस्वीकृत गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत


Website: www.shibalayamun.gov.np, Email: shibalayamun@gmail.com

Contact: 9858084522,089-594600

व्यावसायिक र सिर्जनशील प्रशासन विकास समृद्धि र सुशासन

पत्र संख्या Reference No. : ०८३/०८४ प्रशासन
चलानी नम्बर Dispatch No. :

(ग) नेपाल आयल निगमले इन्धनको खुद्रा बिक्री मूल्यमा परिवर्तन गरेमा सोही अनुसार सम्झौता मूल्य स्वतः समायोजन हुनेछ।

४. इन्धन आपूर्ति सम्बन्धी व्यवस्था

(१) गाउँपालिकाले PAMS V2 प्रणालीबाट जारी गरेको इन्धन कुपन को आधारमा मात्र इन्धन उपलब्ध गराउनुपर्नेछ।

(२) PAMS V2 बाट जारी भएको इन्धन कुपन विना आपूर्ति गरिएको इन्धनको कुनै पनि भुक्तानी दाबी स्वीकार गरिने छैन।

(३) प्रत्येक आपूर्तिपछि सम्वन्धित कुपन, विल तथा आवश्यक विवरण कार्यालयमा पेश गर्नुपर्नेछ।

५. भुक्तानी सम्बन्धी व्यवस्था

(१) आपूर्ति भएको इन्धनको भुक्तानी मासिक रूपमा गरिनेछ।

(२) कार्यालयको आवश्यकता, वजेट उपलब्धता वा प्रशासनिक कारणले मासिक अवधिभन्दा अगावै समेत भुक्तानी गर्न सक्नेछ।

(३) भुक्तानीका लागि निवेदन,कार्यालयबाट जारी कुपन र विल अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

६. प्रस्ताव सँग संलग्न गर्नुपर्ने कागजात

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. आर्थिक वर्ष २०८२/८३ को व्यवसाय नवीकरण प्रमाणपत्र।
३. PAN तथा VAT दर्ता प्रमाणपत्र।
४. कर चुक्ता प्रमाणपत्र वा म्याद थप सम्बन्धी प्रमाण।
५. नेपाल आयल निगमबाट इन्धन बिक्री वितरण गर्न प्राप्त इजाजतपत्र/स्वीकृतिपत्रको प्रतिलिपि।
६. हस्ताक्षर तथा छाप सहितको प्रति लिटर पेट्रोल तथा डिजेलको दररेट विवरण।
७. प्रस्तावदाताको सम्पर्क ठेगाना, फोन नम्बर तथा इमेल (भएमा)।

७. सम्झौता सम्बन्धी व्यवस्था

(क) सम्झौता अवधिभर कार्यालयको माग अनुसार आवश्यक परिमाणमा इन्धन उपलब्ध गराउनुपर्नेछ।



CamScanner

(ख) गुणस्तरहीन, कम परिमाण वा सम्झौता विपरीत इन्धन आपूर्ति गरेमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ तथा सम्झौता रद्द गर्न सकिनेछ।

(ग) सम्झौताका अन्य शर्तहरू सम्झौतापत्रमा उल्लेख भएबमोजिम हुनेछन्।

८. अन्य व्यवस्था

(क) कार्यालयले कुनै पनि वा सबै प्रस्ताव स्वीकार वा अस्वीकार गर्ने अधिकार कार्यालय संग रहनेछ।

(ख) यस सूचनामा उल्लेख नभएका विषय सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछन्।

गोपाल शाही
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

शिवालय गाउँपालिका
Shivalaya Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिमा, जाजरकोट
Sima, Jajarkot
कर्णाली प्रदेश, नेपाल
karnali province, nepal

पत्र संख्या Reference No. : ०८३/०८४ प्रशासन
चलानी नम्बर Dispatch No. :

प्रथम पटक सूचना प्रकाशित सूचना

मितिः २०८३-०४-१२

सवारी साधन (जिप तथा ट्र्याक्टर) को भाडा दररेट पेश गर्ने सम्बन्धी सूचना

आर्थिक वर्ष २०८३/८४ मा शिवालय गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरूको सरकारी कामकाजका लागि आवश्यक पर्ने जिप तथा ट्र्याक्टर भाडामा लिनुपर्ने भएकाले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम इच्छुक तथा योग्य सवारी सेवा प्रदायक, फर्म, कम्पनी वा सवारी धनीहरूबाट देहायका शर्तहरूको अधीनमा रही भाडा दररेट सिलबन्दी रूपमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

१. दररेट पेश गर्ने अन्तिम मिति

सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयभित्र दररेट तथा आवश्यक कागजात पेश गर्नुपर्नेछ।

२. प्रस्ताव स्वीकृत गर्ने आधार

(१) आवश्यक योग्यता, शर्त तथा कागजात पूरा गरी सबै भन्दा कम दररेट पेश गर्ने योग्य प्रस्तावदातासँग आर्थिक वर्ष २०८३/०८४ का लागि सम्झौता गरिनेछ।

(२) कार्यालयको आवश्यकता अनुसार एक वा एकभन्दा बढी सेवा प्रदायकसँग समेत सम्झौता गर्न सकिनेछ।

३. दररेट पेश गर्नुपर्ने विवरण

(क) जिप

| क्र.सं. | सेवा/रुट | एकाइ | प्रस्तावित दर (रु.) |
|---|---|---|---|
| १ | शिवालय गाउँपालिकाको केन्द्रबाट वडा नं. १ | प्रति ट्रिप | |
| २ | शिवालय गाउँपालिकाको केन्द्रबाट वडा नं. २ | प्रति ट्रिप | |
| ३ | शिवालय गाउँपालिकाको केन्द्रबाट वडा नं. ३ | प्रति ट्रिप | |
| ४ | शिवालय गाउँपालिकाको केन्द्रबाट वडा नं. ४ | प्रति ट्रिप | |
| ५ | शिवालय गाउँपालिकाको केन्द्रबाट वडा नं. ५ | प्रति ट्रिप | |

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

पत्र संख्या Reference No. : ०८३/०८४ प्रशासन
चलानी नम्बर Dispatch No. :

| | | | |
|---|---|---|---|
| ६ | शिवालय गाउँपालिकाको केन्द्रबाट वडा नं. ६ | प्रति ट्रिप | |
| ७ | शिवालय गाउँपालिकाको केन्द्रबाट वडा नं. ७ | प्रति ट्रिप | |
| ८ | शिवालय गाउँपालिकाको केन्द्रबाट वडा नं. ८ | प्रति ट्रिप | |
| ९ | शिवालय गाउँपालिकाको केन्द्रबाट वडा नं. ९ | प्रति ट्रिप | |
| १० | गाउँपालिकाभित्र दिनभर (अधिकतम ८ घण्टा) | प्रतिदिन | |
| ११ | शिवालय– खलंगा | प्रति दिन | |
| १२ | शिवालय– सल्लीबजार | प्रति दिन | |
| १३ | शिवालय– सुर्खेत | प्रति दिन | |
| १४ | शिवालय– नेपालगञ्ज | प्रति दिन | |
| १५ | अन्य स्थान | उल्लेख गर्ने | |

* *प्रति ट्रिप भन्नाले आते, जाते (दोहोरो) यात्रा सम्झनु पर्नेछ ।*

(ख) ट्रयाक्टर

| क्र.सं. | सेवा विवरण | एकाइ | प्रस्तावित दर (रु.) |
|---|---|---|---|
| १ | कार्यालयले तोके बमोजिम | प्रति दिन | |

४. सेवा सम्वन्धी शर्तहरू

(१) प्रस्तावदाताले पेश गरेको भाडा दररेट सम्वन्धित जिल्लाका लागि प्रचलित जिल्ला दररेट भित्र हुनुपर्नेछ। जिल्ला दररेटमा संशोधन वा परिवर्तन भएमा सोहीबमोजिम दर समायोजन गरिनेछ।

(२) कार्यालयको आवश्यकता अनुसार मात्र कार्यालयले जारी गरेको लिखित आदेश बमोजिम सवारी साधन उपलब्ध गराउनुपर्नेछ।

(३) कार्यालयको आवश्यकता अनुसार सार्वजनिक बिदा, कार्यालय समय अगाडि वा पछाडि तथा आकस्मिक अवस्थामा समेत सवारी साधन उपलब्ध गराउनु पर्नेछ।

(४) प्रत्येक सेवापछि कार्यालयबाट प्रमाणित गरिएको सम्झौता पत्र तथा सम्वन्धित कर बिजक पेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

शिवालय गाउँपालिका
Shivalaya Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिमा, जाजरकोट
Sima, Jajarkot
कर्णाली प्रदेश, नेपाल
karnali province, nepal

पत्र संख्या Reference No. : ०८३/०८४ प्रशासन
चलानी नम्बर Dispatch No. :

(५) भुक्तानी मासिक रूपमा वा कार्यालयको आवश्यकता अनुसार सोभन्दा अगावै पनि गर्न सकिनेछ।

(६) भुक्तानी गर्दा प्रचलित कानूनवमोजिम लाग्ने अग्रिम आयकर (TDS), मूल्य अभिवृद्धि कर (VAT) सम्वन्धी व्यवस्था तथा अन्य लागू करकट्टी नियमानुसार कट्टा गरी मात्र भुक्तानी गरिनेछ।

(७) कार्यालयको लिखित आदेश विना उपलब्ध गराइएको सवारी सेवाको भुक्तानी दावी गर्न पाइने छैन।

(८) स्वीकृत दररेटभन्दा बढी रकम कुनै पनि शीर्षकमा दाबी गर्न पाइने छैन।

(९) सम्झौता अवधिभर सवारी साधन, चालक, इन्धन, मर्मतसम्भार,पार्किङ शुल्क, बीमा तथा सञ्चालनसँग सम्वन्धित सम्पूर्ण जिम्मेवारी सेवा प्रदायकको हुनेछ, सम्झौतामा अन्यथा उल्लेख भएको अवस्थामा बाहेक।

५. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजात

१. नागरिकता प्रमाणपत्रको छाँया प्रति ।

२. सवारी दर्ता प्रमाणपत्र/ नवीकरण (ब्लुवुक) को छाँया प्रति।

३. सवारी साधनको बीमा प्रमाणपत्रको छाँया प्रति।

४. सवारी जाँचपास (फिटनेस) प्रमाणपत्रको छाँया प्रति ।

५. चालकको सवारी चालक अनुमति पत्रको छाँया प्रति ।

६. भाडा दररेट विवरण पेश गरेको निवेदन।

६. अन्य व्यवस्था

(१) कार्यालयले कुनै पनि वा सबै प्रस्ताव स्वीकार वा अस्वीकार गर्ने, आंशिक रूपमा स्वीकृत गर्ने वा आवश्यकतानुसार एकभन्दा बढी सेवा प्रदायकसँग सम्झौता गर्ने अधिकार सुरक्षित राखेको छ।

(२) यस सूचनामा उल्लेख नभएका विषय सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानूनवमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner